नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
थापाथली, काठमाडौं, नेपाल ।

# वैदेशिक क्षेत्रका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्ति लक्षित छुट सुविधाको लागि निवेदन माग गरिएको सूचना ।

मिति २०८३।०५।२६

वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ को दफा २२ को खण्ड (ख) मा औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा र आश्रित परिवार सुरक्षा योजना अन्तर्गतका सुविधा लगातार तीन वर्षसम्म उपयोग नगर्ने योगदानकर्ताले निवृत्तिभरण योजनामा सहभागी हुने गरी निवेदन दिएमा सञ्चालक समितिले निर्णय गरी उक्त योजनामा जम्मा भएको रकमको २० प्रतिशतसम्म वृद्धावस्था सुरक्षा योजनामा जम्मा गरिनेछ भन्ने व्यवस्था भएको र खण्ड (ग) मा विदेशमा रहेका श्रमिकले सम्बन्धित देशमा बसोवासको लागि लाग्ने खर्च कटाइ आफ्नो वार्षिक आम्दानीको कम्तीमा ७० प्रतिशत रकम बैकिङ प्रणालीबाट नेपाल पठाएको प्रमाण पेश गरेमा सञ्चालक समितले निर्णय गरी वृद्धावस्था सुरक्षा योजना बाहेकका योजनामा जम्मा गर्नुपर्ने योगदान रकममा २० प्रतिशतसम्म छुट दिन सक्ने व्यवस्था भएको हुदा सामाजिक सुरक्षा कोषमा आवद्ध इच्छुक व्यक्तिहरुले तपशिलमा उल्लेख भए बमोजिमका कागजातहरु collection@ssf.gov.np मा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१) खण्ड (ख) बमोजिमको छुट सुविधा प्राप्त गर्नको लागि श्रम स्वीकृतिको प्रतिलिपि, भिषाको प्रतिलिपि, आ. व. २०८२।०८३ सम्मको अवधिमा लगातार तीन वर्ष सम्म सामाजिक सुरक्षा कोषमा योगदान गरेको प्रमाण, पछिल्लो तीन वर्षभित्र ऐ. ऐ. कार्यविधि बमोजिमको औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा र आश्रित परिवार सुरक्षा योजना अन्तर्गतका सुविधाहरु लगातार ३ वर्षसम्म नलिएको स्वघोषणापत्र र सामाजिक सुरक्षा नम्वर सहितको छुट सुविधाको लागि निवेदन ।

२) खण्ड (ग) बमोजिमको छुट सुविधा प्राप्त गर्नको लागि श्रम स्वीकृतिको प्रतिलिपि, भिषाको प्रतिलिपि,आ. व. २०८२।०८३ मा सबै महिनाको योगदान जम्मा गरेको प्रमाण, श्रम सम्झौतामा उल्लेख भएको पारिश्रमिक वा सम्बन्धित कम्पनीबाट श्रमिकको नाममा जारी गरिएको तलब स्केल बमोजिम वार्षिक पारिश्रमिकको कम्तीमा ७० प्रतिशत रकम वैंकिङ प्रणाली, डिजिटल वालेट, कार्ड वा रेमिटबाट नेपाल पठाएको प्रमाण सहित आफ्नो सामाजिक सुरक्षा नम्वर उल्लेख गरी छुट सुविधाको लागि निवेदन ।

Email : collection@ssf.gov.np, Website : www.ssf.gov.np, Hotline No. : 1116